शान्ति प्रजातान्त्रिक ०३।०७।१६

# झरीले राष्ट्रिय राजमार्गमा पैह्रो, मार्चकका दुई घर खतरामा

**गान्तोक, ०२ जुलाई।** निरन्तर रूपमा परिरहेको झरीले सिक्किमको जीवनरेखा मानिने राष्ट्रिय राजमार्गसमेत गाउँ ठाउँका विभिन्न क्षेत्रमा पैह्रो चलाएको छ। राजधानी गान्तोकदेखि सिङ्तामसम्म लगभग सात विभिन्न ठाउँमा पैह्रो र सा–साना ढिस्कनाहरू झरेको छ। पानी पर्ने क्रम यसरी नै यथावत रहेको खण्डमा अझ ठूलो भलपैह्रो जान सक्ने सम्भावना देखिन्छ। यसैगरि, रानीपुल नजिक मार्चकमा नयाँ निर्माण भइसकेको वैकल्पिक राजमार्गको बाइपासमा पैह्रो चल्दा दुईवटा पक्का घर खतरामा परेको छ। दिपेन दाहाल र अन्य एक स्थानीय व्यक्तिको पक्का घर अहिले खतरामा परेको छ। दुवै घरको अवस्था सोचनीय बनेको छ। यसबारेमा जानकारी लिन महकुमा अधिकारीको टोली घटनास्थलमा पुगेर निरीक्षण गरेको बताइएको छ। अधिकांश नयाँ बाटो निर्माणको प्रक्रिया चलिरहेका ठाउँहरू झरीले दुख दिइरहेको थाहा लागेको छ।